# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

## काठमाडौं भाद्र ११ गते ०८ साल

## भाग ८

## वनविभाग मन्त्रालयबाट प्रकाश भएको सूचना

१ वनविभाग अड्डाका हाकिम श्री सुब्बा वीरेन्द्रपुरुष ढकाल ०८ साल श्रावण २५ गतेदेखि १७ दिनको घरबिदामा बस्नुभएको छ ।

२ उपरोक्त अड्डाका त. ख. श्री द्वारिकाभान श्रेष्ठले श्री सुब्बा वीरेन्द्रपुरुष घरबिदा बस्नुभएकोले कायममुकायम भै काम गर्नुभएको छ ।

३ नागार्जुन र गोकर्णका वनहरूमा निम्नलिखितबमोजिम फीस लिने गरी वनबिहार गर्न प्रवेश गर्न दिने प्रबन्ध भएको छ ।

मानिस जवान १ के मोहरू ।२५ पैसा, मोटरकार सवारी १ के मोहरू ५।, लरी या बस सवारी १ के मोहरू १०।

विशेष द्रष्टव्य :—

( १ ) बन्दूक आदि शिकार खेल्ने हतियार लान मनाइछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मोटर लरी र बसमा तोकिएको सीट-भन्दा बढी मानिस बसेमा बढीजति-को फीस लाग्छ ।

४ नागार्जुनमा श्री ५ महाराजाधिराज राज हुने बङ्गलाबाहेक अरु बङ्गला टहरा-हरुमा सरुवा रोग भएकाबाहेक अरू सबैले निम्न नियमबमोजिम बस्न पाउने भएका छन् ।

(१) २४ घण्टा बस्नाके बहाल मोहरु १०।

(२) बढीमा एक महीना र घटीमा २४ घण्टा-भन्दा कम बहालमा दिइनेछैन।

(३) बन्दूक, छर्रा इत्यादि जङ्गी खजाना ली बस्न पाउँदैन।

५ गोकर्णवनको जङ्गलमा पनि ४ नं. बमोजिम बहाल तिरी बस्न पाउने भएको छ।

६ ०८ साल श्रावण १८ गतेदेखि थानकोटमा दाउरा चट्टा लगाउन र थान-कोटदेखि लरीद्वारा दाउरा ओसार्न समेत बन्द भएको छ ।

७ ४ भञ्ज्याङबाहिर पहाडतर्फका रैती तालुकदारहरुको घर, कटेरा, पाटी, पौवा, कट्के, साँगू, बनाउन काठपात चाहिएमा अड्डामा गै दर्खास्त दिई अड्डाबाट जाँच गरी पुर्जी दिएपछि मात्र लिने दिने भै रहेकोमा सोबमोजिम गर्दा कसैलाई २०।२५ कोशसम्म पनि जानु परी टाढाका रैतीलाई मर्का परेको देखिएकोले गौंडा, गोस्वारा माल अदालत नजीक परेकाले नजीक अड्डामै र लेखिएका अड्डा टाढा परेका रैतीले ग्राम पंचायत वा अड्डाले पनि जांची बुझी चाहिनेजतिसम्म मात्र पाउने गरी निस्सा पुर्जी गरिदिएबमोजिम चिताइदार-हरुले वन जङ्गल उजार नहुने गरी काट्न दिने र सो निस्सा पुर्जी दिएको जनाउ अड्डा अड्डाले र ग्रामपंचायतले समेत सो वन जङ्गल जुन अड्डाको तालुकमा छ उस अड्डालाई जनाउ दिनुपर्छ।

गोरखापत्र–छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।